नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ, कैलाली

फोन नं. ०९१-५२२९९७
इमेलः pmamp.piu.kailali@gmail.com
वेभसाइटः www.piukailali.pmamp.gov.np

प.सं. ०८३/८४
सूचना नं.: २१

मितिः २०८३/०७/११
ने. सं. ११४६ कौलागा तृतीया

सूचिकृत भई कार्यक्रममा सहभागी हुन प्रस्ताव आव्हान सम्बन्धी सूचना
दोस्रो पटक प्रकाशित मितिः २०८३/०७/११

आ.व. २०८३/८४ मा राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, कैलाली अन्तर्गत तपसिलको कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले यस कार्यक्रममा सूचिकृत वा सूचिकृत हुन ईच्छुक कृषक समूह/सहकारी/संस्था/समिति/कृषि फर्म/कम्पनीहरूले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३० औ दिन भित्र अर्थात् मिति २०८३/०८/१० गते भित्र यस कार्यक्रम कार्यान्वयन एकाइ, धनगढी उ.म.न.पा., कैलाली वा कैलारी गा.पा. ८, लौसा वा भजनी न.पा. १, भजनी बजार स्थित यस कार्यक्रम कार्यान्वयन एकाइको सम्पर्क कार्यालयहरुमा तोकिएको ढाँचामा आवश्यक कागजातहरु सहित प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै यस विषयमा थप जानकारीका लागि कार्यक्रम कार्यान्वयन एकाइ, कैलालीमा वा सूचनामा दिईएको सम्पर्क नं. मा सम्पर्क गर्न सकिनेछ।

पूनश्चः विस्तृत जानकारीका लागि राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, कैलालीको फेसबुक पेज (Namp Piu Kailali Dhangadhi) तथा कार्यालयको फोन नं. ०९१-५२२९९७, सूचना अधिकारीको सम्पर्क नं ९८५८४८४९०४ मा सम्पर्क गर्न सकिनेछ।

.....

सन्जु उपाध्याय रिमाल
प्रमुख कृषि अधिकृत

तपसिलः

क्र.स.	कार्यक्रमको नाम	एकाइ	लक्ष्य	स्वीकृत बजेट रू लाखमा	कार्यक्रमको अनुदान विवरण
गहुँ सुपर जोन/ धान जोन/माछा जोन/तेलहन जोन, कैलाली सबैको लागि					
१	मल्टि क्रप सुपर सिडर सहयोग कार्यक्रम (खर्च शीर्षक २६४२३)	संख्या	२	५	५० प्रतिशत सम्म अनुदान

<u>प्रस्तावना पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरुः</u>

१. कार्यक्रम कार्यान्वयन एकाइले निर्धारण गरेको ढाँचाको निवेदन र रीतपूर्वक भरिएको प्रस्ताव फारम।
२. कृषक समूह/सहकारी/समिति/कृषि उद्यमी (फर्म) सम्बन्धित सरकारी निकायमा विधिवत रुपमा संस्था दर्ता भएको तथा नियमानुसार नविकरण गरेको प्रमाण पत्रको प्रतिलिपि।

Scanned by Camera Scanner

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ, कैलाली

फोन नं. ०९१-५२२९९७
इमेलः pmamp.piu.kailali@gmail.com
वेभसाइटः www.piukailali.pmamp.gov.np

३. स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि।
४. आ.व. २०८१/८२ / आ.व. २०८२/८३ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि।
५. नेपाल सरकारको किसान सूचिकरण प्रणालीमा दर्ता भएको दर्ता नम्बर।
६. कार्यक्रम माग गर्ने सम्बन्धी संस्थाको बैठकको निर्णयको प्रतिलिपि।
७. कृषक समूह/सहकारी/समिति/कृषि उद्यमी (फर्म) को आधिकारिक व्यक्तिको नागरिकताको प्रतिलिपि।
८. अन्य निकायबाट सोही कार्यक्रममा लाभान्वित नभएको वा दोहोरो नपर्ने स्व-घोषणा/प्रतिबद्धता पत्र।
९. प्रस्तावक सहकारी संस्था/फर्महरुको आ.व. २०८१/८२ / आ.व. २०८२/८३ को लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि। साथै प्रस्तावकसँग सो मेशिन सञ्चालनका लागि आवश्यक पर्ने ट्रयाक्टर लगायतका अन्य एट्याचमेन्ट पूर्ववत रुपमा भएको हुनुपर्ने र सो पुष्टी गर्ने कागजात समेत संलग्न गर्नुपर्ने।

पुनश्चः आवेदनमा माग भए बमोजिमका सम्पूर्ण कागजात र प्रक्रिया नपुगेको खण्डमा ती कृषक समूह/ सहकारी/ जल उपभोक्ता समिति/कृषि उद्यमी (फर्म)हरुलाई जोनमा आवद्धता दिन र प्रस्ताव दर्ता गर्नका लागि कार्यक्रम कार्यान्वयन एकाइ बाध्य हुने छैन।

नोटः

१. निवेदकले समान प्रकृतिको कामका लागि आफ्नै समूहको स्रोत बाहेक अन्य कुनै सरकारी/ गैह्र सरकारी संघ-संस्थाबाट सहयोग अनुदान आदि माग गरेको वा प्राप्त गरेको भए स्पष्ट रुपमा कार्यक्रम कार्यान्वयन एकाइलाई जानकारी गराउनु पर्नेछ। समान प्रकृतिको कामका लागि एउटै आ.व. मा अन्य कुनै निकायबाट अनुदान लिन पाइने छैन। यदि बदनियत पूर्वक अन्य कुनै निकायबाट समान प्रकृतिको कामका लागि एउटै आ.व. मा अनुदान लिएको पाइएमा प्रचलित कानुन बमोजिम कारबाही र सरकारी बाँकी सरह असुल उपर गरेमा कुनै उजुर बाजुर गर्ने छैन भनि स्व-घोषणा गर्नु पर्नेछ।
२. साथै गत आ.व. मा कार्यक्रम सञ्चालन गर्दा सहभागी नभएकालाई प्राथमिकता दिईने छ।

आवेदन पेश गर्ने कार्यालय

कार्यक्रम कार्यान्वयन एकाइ, कैलाली धनगढी उ. म. न. पा., कैलाली सम्पर्क नं.: ०९९-५२२९९७	**कार्यक्रम कार्यान्वयन एकाइको सम्पर्क कार्यालय** कैलारी गा. पा. ८, लौसा सम्पर्क नं.: ९८४८४९५७३४	**कार्यक्रम कार्यान्वयन एकाइको सम्पर्क कार्यालय** भजनी न. पा.१, भजनी बजार सम्पर्क नं.: ९८६२४८०९१९

६/११
सुरज उपाध्याय रिमाल
वरिष्ठ कृषि अधिकृत

Scanned by Camera Scanner